नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#१५

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

शुक्रबार ।२ फाल्गुन २०७६ (१४ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २४ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ । रिपोर्ट भएका COVID-19 केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

| | |
|---|---|
| **विश्वभर** | पुष्टी भएका केसहरूः ४६९९७<br>मृत्यु हुनेको संख्याः १३६९ |
| **चीनमा** | पुष्टी भएका केसहरूः ४६५५०<br>मृत्यु हुनेको संख्याः १३६८ |
| **चीन बाहिर** | अन्य प्रभावित देशहरुः २४<br>पुष्टी भएका केसहरू : ४४७<br>मृत्यु हुनेको संख्याः १ (फिलिपिन्स) |

कुनै नयाँ देशहरूले पछिल्लो २४ घण्टामा COVID-19 का केसहरु रिपोर्ट नगरेको ।

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* १ माघ २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| २४ | २३ | १ |

(* १ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

### *नेपालमा पहिलो COVID-19 पोजेटिभ केस*

*नेपालमा COVID-19 सङ्क्रमण देखिएका पहिलो र एक मात्र व्यक्ति चीनको वुहानमा अध्ययनरत एक ३१ वर्षीय नेपाली नागरिक हुन् । २०२० को जनवरी ९ मा उनी वुहानबाट काठमाण्डौं आएका थिए । वुहानमा हुँदा नै उनमा रुघाखोकी देखिएको थियो र उनी त्यस ठाउँमा फैलँदै गएको कोरोना भाईरसको सङ्क्रमणको बारेमा पनि जानकार थिए । लक्षण देखिएको १० दिन पछि जनवरी १३ मा उनी आफ्नो स्वास्थ्य जाँच गराउन टेकु स्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल आए । परीक्षणको क्रममा उनी केही दिन अगाडि मात्र वुहानबाट नेपाल आएको थाहा भएपछि अस्पतालमा विशेष किसिमको हेरचाह गरी उपचार शुरु गरियो । उनको खकारको नमुना (Throat swab) लाई परीक्षणको लागि हङकङ पठाइयो । जनवरी २३ मा प्राप्त प्रयोगशाला परीक्षणको नतिजा अनुसार उनी COVID-19 सङ्क्रमित भएको पत्ता लाग्यो ।COVID-19 को परीक्षण राष्ट्रिय जनस्वास्थय प्रयोगशाला मा नै सुरु हुन थालेपछि पुन २९ र ३१ जनवरीमा उनको परीक्षण गरियो र दुवै परीक्षणको नतिजामा उनी सङ्क्रमित नभएको पाइयो । अस्पतालमा उपचार गराएर फर्केको पनि एक महिना बितिसकेको छ र उनी अहिले पूर्ण रूपमा स्वस्थ छन् । उनको परिवार र सम्पर्कमा रहेका व्यक्तिहरूमा सङ्क्रमणको लक्षण देखिएको छैन । चीनको अवस्था सामान्य बन्न थालेपछि उनी आफ्नो अध्ययन पुरा गर्न पुन वुहान फर्कने सोचमा छन् ।*

## मुख्य प्रतिकार्यहरू:

- **हटलाईन सेवाः** सर्वसाधरणको सुविधाका लागि कोरोना भाईरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी जानकारी दिन बिहान ८:०० बजे देखी बेलुका ८:०० बजे सम्म संचालनमा रहेका तीन वटा हटलाईनमा दैनिक सरदर १२ कलहरु प्राप्त हुने गरेका छन् ।
- **स्क्रिनिङ् तथा निगरानीः** त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल मार्फत नेपाल भित्रिने सम्पूर्ण यात्रुहरुलाई थर्मल स्क्यानर मार्फत ज्वरो मापन गर्ने; मापदण्ड (>100°F) भन्दा माथि ज्वरो, रुघाखोकी र स्वासप्रश्वासमा अपठ्यारो भएका बिरामीहरुको टेकु अस्पतालमा जाँच गरी आवश्यक उपचार, प्रयोगशाला परिक्षण, परामर्श दिने गरीनुका साथै निगरानीमा राख्ने गरीएको छ ।

## चीनबाट नेपाल आउने नेपाली नागरीकको व्यवस्थापनः

- संलग्न सबै कर्मचारीहरुलाई अभिमुखीकरण तालीम सम्पन्न ।
- घटना परिदृश्य अभ्यास सम्पन्न गरीएको छ ।
- अस्पतालहरुको पूर्व-तयारीको सुनिश्चित गरीयो ।
- यस कार्यमा आवश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरुको सम्पूर्ण व्यवस्था मिलाइएको छ ।
- नेपाली नागरिकलाई चीनबाट नेपाल ल्याउनका लागि हवाइजहाज, विमानस्थल तथा क्वारेन्टाईन केन्द्रमा स्वास्थ्य सुरक्षा एवं स्वास्थ्य हेरचाह सम्बन्धी सम्पूर्ण व्यवस्थापनको तयारी पुरा गरीएको छ । विस्तृतः प्रेष विज्ञप्ति




## प्रदेशबाट COVID-19 सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरुः-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारेका छन् ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

| | | |
|---|---|---|
| 2019-nCoV IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |


**HEDMU/HEOC**
**Phone:** 01-4250845, **Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np, **fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np, **fb:** fb.com/edcdnepal


"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"